1st May, 2026 Friday

National News

प्रमुख समाचार

१. भारतको वैश्विक संलग्नता सुदृढ बनाउन प्रधानमन्त्री मोदीको आह्वान

२. बुद्ध पूर्णिमामा लेहमा पवित्र अवशेष प्रदर्शनी उद्घाटन

३. निर्वाचन आयोगले आज पश्चिम बंगालका १५ मतदान केन्द्रमा पुनःमतदान गराउने गर्यो निर्णय

४ .नागरिकता संशोधन ऐन २०२६ अधिसूचित, ओसीआई दर्ता पूर्ण डिजिटल

१. प्रधानमन्त्री- सम्मेलन

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले व्यापार, प्रविधि र रणनीतिक साझेदारीलाई अघि बढाउँदै तथा प्रवासी भारतीयहरूसँगको सम्बन्ध अझ सुदृढ गर्दै भारतको विश्वव्यापी संलग्नता मजबुत बनाउन आह्वान गर्नु भएको छ । उहाँले नयाँ दिल्लीमा २८ देखि ३० अप्रेलसम्म परराष्ट्र मन्त्रालयद्वारा आयोजित ११औँ 'हेड्स अफ मिशन' सम्मेलनलाई सम्बोधन गर्दै यस्तो बताएका हुन्। यस वर्षको सम्मेलन "Reforming Indian Diplomacy for 2047" भन्ने मूल विषयमा केन्द्रित रहेको थियो। आफ्नो सम्बोधनमा प्रधानमन्त्री श्री मोदीले आफ्ना विचार तथा धारणा प्रस्तुत गर्नु हुँदै २०४७ सम्म विकसित भारत निर्माणकालागि कूटनीतिक संलग्नताबारे मार्गदर्शन दिनु भएको थियो । प्रधानमन्त्री समक्ष भविष्य उन्मुख कूटनीति, ३टी (व्यापार, प्रविधि र पर्यटन) को प्रवर्द्धन तथा 'भारत कथा'लाई सशक्त बनाउने विषयमा प्रस्तुति पनि राखिएको थियो। साथै उहाँले 'हेड्स अफ मिशन' तथा वरिष्ठ र युवा कूटनीतिज्ञहरूका अनुभव र सुझावहरू पनि सुन्नु भयो । परराष्ट्र मन्त्री श्री एस जयशंकरले २९ अप्रेलमा उद्घाटन सम्बोधन गर्नु भएको थियो । उहाँले विगत एक दशकमा विश्वसँग भारतको संलग्नता उल्लेखनीय रूपमा विस्तार भएको बताउनु भएको छ।

२. शाह – लेह – पवित्र अवशेष

गृहमन्त्री अमित शाहले बुद्ध पूर्णिमाको अवसरमा आज लेहको जीवत्सलमा तथागत बुद्धका पवित्र अवशेषहरूको प्रदर्शनी उद्घाटन गर्नु भएको छ। लद्दाखवासीहरूलाई शुभकामना दिनु हुँदै उहाँले ७५ वर्षपछि यी पवित्र अवशेषहरू पुनः लद्दाख ल्याइएको बताउनु भयो।

उहाँले भगवान बुद्धका शिक्षाहरू करिब २५०० वर्षपछि पनि उत्तिकै सान्दर्भिक रहेको उल्लेख गर्नुभयो। उहाँले यो केवल धार्मिक कार्यक्रम मात्र नभई ऐतिहासिक पुनर्मिलन भएको बताउनु भयो। श्री शाहले लद्दाख र कारगिलका बौद्ध अनुयायी मात्र होइन, अन्य धर्मावलम्बीहरूले पनि यी पवित्र अवशेषबाट प्रेरणा र शक्ति प्राप्त गर्ने विश्वास व्यक्त गर्नुभयो। यी पवित्र अवशेषहरूलाई देशभित्र प्रदर्शनीका लागि स्थायी स्थान बाहिर पहिलोपटक ल्याइएको हो। उक्त प्रदर्शनी लद्दाखमा मे १४ सम्म सञ्चालन हुनेछ।

३. ईसी – पुनः मतदान

निर्वाचन आयोगले आज पश्चिम बंगालका १५ मतदान केन्द्रमा पुनः मतदान गराउने निर्णय गरेको छ। राज्यको मग्राहाट पश्चिम विधानसभा क्षेत्रमा रहेका ११ मतदान केन्द्र र डायमण्ड हार्बर विधानसभा क्षेत्रका ४ मतदान केन्द्रमा भोलि पुनः मतदान गरिनेछ। मतदान बिहान ७ बजेदेखि साँझ ६ बजेसम्म सञ्चालन हुनेछ। आयोग अनुसार सम्बन्धित रिटर्निङ अफिसर र पर्यवेक्षकहरूबाट प्राप्त प्रतिवेदनका आधारमा यो निर्णय लिइएको हो। यी मतदान केन्द्रहरूमा दोस्रो चरणअन्तर्गत बुधबार मतदान सम्पन्न भएको थियो। प्राप्त प्रतिवेदनका आधारमा आयोगले ती मतदान केन्द्रहरूको मतदान प्रक्रिया शून्य (अवैध) घोषणा गरेको छ।

यस सम्बन्धमा आयोगले पश्चिम बंगालका मुख्य निर्वाचन अधिकृतलाई जानकारी गराइसकेको छ।

४. पश्चिम बंगाल – सीईओ / ममता बनर्जी

पश्चिम बंगालका मुख्य निर्वाचन अधिकृत श्री मनोज अग्रवालले बताउनु भए अनुसार मुख्यमन्त्री ममता बनर्जीले मतगणना केन्द्रहरूमा धाँधली भएको आरोपलाई निराधार रहेको बताउनु भएको छ। आकाशवाणीसँगको एक विशेष अन्तर्वार्तामा उहाँले सबै मतगणना केन्द्रहरूमा पर्याप्त सीसीटीभी क्यामेरा जडान गरिएको र कडा सुरक्षा सुनिश्चित गर्न पर्याप्त केन्द्रीय सुरक्षा बल परिचालन गरिएको जानकारी दिनु भयो। उहाँले निर्धारित माध्यममार्फत कुनै पनि गुनासो दर्ता गर्न सकिने साथै आयोगले निर्वाचनपछि हुन सक्ने हिंसालाई नियन्त्रण गर्न आवश्यक सबै उपायहरू गरिरहेको पनि बताउनुभयो। यसैबीच, तृणमूल कांग्रेसकी नेतृ तथा मुख्यमन्त्री ममता बनर्जीले कोलकातास्थित सखावत मेमोरियल स्कूलमा रहेको स्ट्रङ रूमको अवलोकन गर्नु हुँदै मतदान र मतगणनाबीच चार दिनको अन्तर रहेको जानेर पनि

मतदान मेसिनमा छेडछाड गर्नकालागि राखिएको आरोप लगाएकी छन्। उहाँले आफ्नो पार्टीले ईभीएममा कुनै पनि प्रकारको छेडछाडको प्रयासको कडा विरोध गर्ने बताइन्।

## ५. गृह मन्त्रालय – नागरिकता

सरकारले नागरिकता (संशोधन) ऐन, २०२६ अधिसूचित गरेको छ। यस अन्तर्गत ओसीआई कार्ड दर्ता अब पूर्ण रूपमा डिजिटल हुनेछ। नयाँ नियमहरूमा ई-ओसीआई, बायोमेट्रिकमा आधारित फास्ट ट्र्याक इमिग्रेसन र नाबालिगका लागि दोहोरो पासपोर्टमा प्रतिबन्ध जस्ता प्रावधानहरू समावेश छन्। गृह मन्त्रालयले नागरिकता ऐन, २००९ मा संशोधन गरेको जनाएको छ । यस परिवर्तनको उद्देश्य प्रक्रिया सरल, पारदर्शी र छिटो बनाउनु हो। मन्त्रालयका अनुसार कुनै पनि नाबालिग बालबालिकाले भारतीय पासपोर्टसँगै अर्को देशको पासपोर्ट राख्न पाउने छैन। अधिसूचना अनुसार अब ओसीआई कार्ड दर्ताका सबै आवेदनहरू आधिकारिक पोर्टलमार्फत विद्युतीय रूपमा बुझाउनुपर्नेछ। ओसीआई परित्याग गर्ने घोषणा गरेपछि व्यक्तिले आफ्नो मूल कार्ड नजिकको भारतीय मिशन, पोस्ट वा विदेशी क्षेत्रीय दर्ता अधिकारीकहाँ बुझाउनुपर्नेछ। सरकारद्वारा ओसीआई दर्जा रद्द गरिएमा पनि कार्ड फिर्ता गर्नु अनिवार्य हुनेछ। नयाँ नियम अनुसार ओसीआई आवेदकहरूले फास्ट ट्र्याक इमिग्रेसन कार्यक्रममा सहभागी हुन नयाँ सहमति पत्रमा हस्ताक्षर गर्नुपर्नेछ, जसमा दर्ताको क्रममा बायोमेट्रिक विवरण सङ्कलन गर्न स्वीकृति दिनुपर्ने व्यवस्था गरिएको छ।

## ६. भारत–तन्जानिया व्यापार समिति

भारत–तन्जानिया संयुक्त व्यापार समितिको पाँचौँ सत्र तन्जानियामा सम्पन्न भएको छ। दुई दिनसम्म चलेको यस बैठकले द्विपक्षीय व्यापार, लगानी तथा आर्थिक सहकार्यलाई थप सुदृढ बनाउने लक्ष्य राखेको थियो। वाणिज्य तथा उद्योग मन्त्रालयले जनाए अनुसार सत्रमा सन् २०१७ को अगस्तमा नयाँ दिल्लीमा सम्पन्न अघिल्लो बैठकपछि भएको प्रगतिबारे समीक्षा गरिएको थियो । छलफलमा संयुक्त व्यापार समितिलाई व्यापार र लगानीसम्बन्धी विषयमा संवादका लागि महत्वपूर्ण संस्थागत संयन्त्रका रूपमा जोड दिइएको थियो, जसले पारस्परिक लाभदायक आर्थिक सहकार्य प्रवर्द्धन गर्न मद्दत गर्छ।बैठकका क्रममा स्थानीय मुद्रामा व्यापार भुक्तानी प्रवर्द्धन, भारतीय व्यवसायीहरूका लागि दीर्घकालीन व्यवसायिक भिसा सहज बनाउने, औषधि क्षेत्रमा नियामक सहकार्य सुदृढ गर्ने तथा स्वास्थ्य, आयुष, शिक्षा र जहाज निर्माण क्षेत्रमा क्षमता विकासका विषयमा पनि छलफल भएको थियो। यसैगरी, खानी

क्षेत्रअन्तर्गत भू-वैज्ञानिक अन्वेषण तथा उत्खनन, रत्न क्षेत्रमा मूल्य अभिवृद्धि, रत्न निर्यातसँग सम्बन्धित नियामक व्यवस्था तथा सीप विकास र क्षमता अभिवृद्धिका अवसरहरूबारे पनि विस्तृत रूपमा विचार–विमर्श गरिएको थियो

## ७. एलईडीसी बैठक – सूचना तथा प्रसारण

लाइभ इभेन्ट्स डेभलपमेन्ट सेल (एलईडीसी) को चौथो बैठक नयाँ दिल्लीमा सूचना तथा प्रसारण मन्त्रालयका सचिव श्री चंचल कुमारको अध्यक्षतामा सम्पन्न भएको छ । बैठकमा ९ केन्द्रीय मन्त्रालय, ६ राज्य र १२ उद्योग क्षेत्रका प्रतिनिधिहरूले सहभागिता जनाएका थिए। बैठकलाई सम्बोधन गर्नु हुँदै श्री कुमारले भारतको लाइभ इभेन्ट उद्योगको विकासकालागि समन्वित रोडम्याप तयार गर्न एलईडीसीको भूमिकाबारे प्रकाश पार्नुभयो। उहाँले लाइभ इभेन्ट क्षेत्र मिडिया तथा मनोरञ्जन उद्योगका सबैभन्दा तीव्र गतिमा बढ्दो क्षेत्रमध्ये एक भएको उल्लेख गर्नु हुँदै यसले रोजगारी सिर्जना, पर्यटन प्रवर्द्धन तथा सम्बन्धित क्षेत्रमा आर्थिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने बताउनु भयो । लाइभ इभेन्ट क्षेत्रलाई प्रवर्द्धन गर्ने उद्देश्यले सूचना तथा प्रसारण मन्त्रालयले गत वर्ष जुलाईमा एलईडीसी स्थापना गरेको हो । एलईडीसीको लक्ष्य 'कन्सर्ट अर्थतन्त्र'लाई राष्ट्रिय विकासका प्रमुख चालकहरूमध्ये एकका रूपमा स्थापित गर्नु हो, जसबाट सन् २०३० सम्म भारतलाई लाइभ इभेन्टहरूको वैश्विक केन्द्र बनाउने र १५–२० मिलियन थप रोजगारी सिर्जना गर्ने लक्ष्य राखिएको छ।

## ८. ब्याडमिन्टन

ब्याडमिन्टनमा भारतले आज डेनमार्कको हरसेन्समा भइरहेको थोमस कपको क्वार्टर फाइनलमा चीन ताइपेइ विरुद्ध खेलिएको पहिलो दुई खेल जितेको छ। भारतीय खेलाडी लक्ष्य सेनले चीनका छाउ ताइन छेनलाई १८–२१, २२–२०, २१–१७ अंकले पराजित गर्दै दुईवटा म्याच पोइन्ट जोगाएका थिए । त्यसपछि डबल्स जोडी सातविक साईराज रानकीरेड्डी र चिराग शट्टीको जोडीले चीनका चिउ शियाङ चाइ र वाङ छी लिनलाई २३–२१, १९–२१, २१–१२ अंकले हराउँदै अग्रता बढाएका छन् ।